# पाखीबास नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७

कार्यपालिका बैठकबाट स्वीकृत मिति : २०७७/०३/३१

**प्रस्तावना :**

देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम वजार तर्फ पलायन भइरहेको सन्दर्भमा पाखीवास नगर क्षेत्रका युवाहरुमा भएका ज्ञान, सीपको सदुपोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न साथै विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुको परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रबर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध पाखीवास निर्माणका लागि स्वरोजगार कार्यक्रमलाई प्रभावकारी वनाउन कार्यविधि आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी पाखीवास नगरकार्यपालिकाले **पाखीबास नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यीबिधि, २०७७** बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **" पाखीवास नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यीबिधि, २०७६," हुने**छ ।

ख) यो कार्यबिधि नगरकार्यपालिकावाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) बेरोजगार व्यक्ति वा समुह भन्नाले पाखीवास नगर क्षेत्रका आय आर्जन हुने कुनै पनि पेशा, व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएको व्यक्तिलाई वुझाउछ ।

ख) "लक्षित कार्यक्रम" भन्नाले लक्षित व्यक्ति वा समुहको रोजगारी सिर्जना गरी आयआर्जन अभिवृद्धि गर्न सघाउ पुर्‍याउने व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग व्यवसाय संचालनको लागि गरिने कार्यक्रम बुझ्नु पर्दछ ।

ग) "लक्षित" भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका पाखीवास नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

घ) "उद्यम" भन्नाले प्रचलित कानूनले निषेध गरे बाहेकका नाफा कमाउन तथा रोजगारी सिर्जना हुने नियमित आर्थिक कियाकलापलाई जनाउछ ।

ङ) "समुह" भन्नाले कृषि, पशु, तथा कुटिर उद्योग संचालनका लागि प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न काम गर्दै आएका समुहलाइ जनाउछ ।

(च) “सिफारिस समिति” भन्नाले परिच्छेद १ को दफा (ङ) अनुसार दर्ता भई उद्यम संचालनका लागि पेश भएका प्रस्तावको अध्ययन गरी ऋणका लागि योग्य व्यक्ति वा समुहलाई छनौटका लागि छनौट समिति समक्ष सिफारिस गर्ने समितिलाई जनाउदँछ ।

(छ) “छनौट समिति” भन्नाले परिच्छेद १ को दफा (च) अनुसारको समितिबाट सिफारिस भएका प्रस्तावको अध्ययन गरी ऋणका लागि योग्य व्यक्ति वा समुहलाई छनौट एवं ऋण स्वीकृत गर्ने समितिलाई जनाउदँछ ।

(ज) “ऋणी” भन्नाले कार्यक्रमबाट ऋण लिने १८ देखि ५० बर्ष उमेर समुह भित्रका व्यक्तिलाई बुझाउछ ।

(झ) “ऋणी समुह” भन्नाले बढीमा ५ जना सम्मको सामुहिक लगानीमा उद्यम गर्न ऋण लिने समुहलाई बुझाउछ ।

(ञ) “जमानी” भन्नाले ऋणीले आफ्नो दायित्व पुरा नगरेमा आफू गर्छु भनी जिम्मा लिने व्यक्तिलाई बुझाउछ ।

(ट) "दलित समुदाय" भन्नाले नेपाल सरकारबाट सूचीकृत दलित जात जाती सम्झनु पर्दछ ।

(ठ) “व्यवसाय वा उद्यम” भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ड) “समुह” भन्नाले फरक फरक परिवारका सदस्य मिलेर उद्यम संचालन गर्न गठन गरेको समुहलाई बुझाउंछ ।

(ढ) "वित्तिय संस्था" भन्नाले स्वरोजगार कार्यक्रम संचालनको लागि ऋण लगानी तथा असुली लगायतको बैंकिग कार्यहरु गर्न पाखीवास नगरपालिकाले छनौट गरी सम्झौता गरेको बैंक, बचत तथा ऋणको कारोवार गर्ने वित्तिय संस्थालाई सम्झनु पर्छ ।

(ण) "सेवा प्रदायक संस्था" भन्नाले छनौट भएका ऋणीहरुको प्रारम्भिक पहिचान गर्ने, व्यवसायीक शिप तथा व्यवस्थापकीय क्षमता विकास गर्न, उद्यम संचालन तथा ऋण असूलीको नियमन गर्ने लगायत अन्य तोकिएका कार्यहरु गर्न पाखीवास नगरपालिकासंग सम्झौता गरेको गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(त) टोल विकास संस्था भन्नाले गाउं नगर साझेदारी कार्यक्रमको अवधारणा अनुरुप सामाजिक परिचालन प्रकृयाबाट गठीत पाखीवास  नगर नगरकार्यपालिकामा सुचीकृत एवं ऋण लगानीका लागि सम्बन्धित ऋणीलाई सामाजिक धितो प्रदान गरी सिफारिस गर्ने सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः-

(क) लक्षित व्यक्ती वा समुहलाई व्यवसाय संचालनको लागि आवश्यक पर्ने सहुलियत ऋण प्रदान गर्ने ।

(ख) लक्षित व्यक्ती वा समुहको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुर्‍याउने ।

(ग) कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारीत घरेलु तथा कुटीर उद्योग उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

(घ) लक्षित व्यक्ती वा समुहको आय आर्जनमा टेवा पुर्याइ परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## कोषको व्यवस्था

४. यस कार्यक्रमको लागि देहायका श्रोतवाट कोषको व्यवस्था हुनेछ ।

क) संघिय सरकार, प्रदेश सरकारवाट कोषका लागि प्राप्त अनुदान ।

ख) राष्ट्रि  य तथा अन्तराष्ट्रि  य दातृ निकायवाट प्राप्त हुने रकम ।

ग) विभिन्न वित्तिय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम ।

घ) नगर सभावाट कोषका लागि विनियोजित रकम ।

ङ) कोष परिचालनबाट प्राप्त आम्दानी

च) नगरपालिकामा रहेको घुम्ती कोष (गाउं नगर साझेदारी कार्यक्रम)

छ) अन्य श्रोतबाट प्राप्त रकम ।

## परिच्छेद ३

## प्रस्ताव छनौट तथा कार्यान्वयन प्रकृया

**५. ऋण प्रवाहका लागि देहायको प्रकृया अवलम्वन गरिने छ ।**

क) कार्यालयले प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने छ ।

ख) प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति वा समुहले वडाको सिफारिस साथै अन्य आवश्यक कागजात संलग्न राखी प्रस्ताव पेश गर्नुपर्नेछ ।

ग) धितो राख्न नसक्ने ऋणीको प्रस्तावको हकमा निजले आफ्नो दायित्व पुरा नगरेमा आफू गर्छु भनी जिम्मा लिने जमानीको विवरण अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

घ) तोकिएको म्याद भित्र पेश भएका प्रस्ताव उपर सिफारिस समितिले अध्ययन गरी योग्य र उपयुक्त प्रस्तावलाई छनौट समितिमा पेश गर्नु पर्नेछ । सिफारिस गर्दा देहायको आधारमा मूल्याकंन गरेर सिफारिस गर्नु पर्नेछ ।

| | |
|---|---|
| अ. स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने | १५ अंक |
| आ. बजारको सरल पहुंच र सुनिश्चितता भएको | १० अंक |
| इ. थप रोजगारीको सिर्जना हुने | १० अंक |
| ई. लक्षित वर्ग लाई प्रत्यक्ष लाभ पुग्ने | ५ अंक |
| उ. जोखिम कम रहने उद्यम | ५ अंक |
| ऊ. पूर्व अनुभव तथा विशेष सिप भएको | ५ अंक |
| कुल अंक | ५० अंक |

ङ) सिफारिस समितिबाट सिफारिस भई आएको प्रस्तावहरु उपर छनौट समितिले अध्ययन गरी योग्य प्रस्तावलाई ऋण सहयोगको लागि अन्तिम निर्णय गर्नेछ ।

च) छनौट समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सामाजिक विकास शाखाको हुनेछ र यस शाखाले छनौट समितिबाट लगानीका लागि योग्य उद्यमीहरुलाई व्यवसायको प्रकृति अनुसार नगरपालिका स्वयंबाट वा वित्तिय संस्थाबाट ऋण लिने प्रकृया अगाडी बढाउने छ ।

## परिच्छेद ४

## ऋण लगानी सीमा

### ६. यस कोषवाट ऋण लगानी गर्दा देहाय वमोजिमको सीमा निर्धारण गरिने छ ।

क) एकल व्यवसायको लागि अधिकतम रु. १०००००।

ख) २ वा सो भन्दा बढी मिलेर उद्यम गर्नको लागि अधिकतम रु. २०००००।

ग) यस कार्यविधि बमोजिम लगानी गरिएको ऋणको असुली अवधी साधारणतया बढीमा एक वर्षको रहने छ । तर व्यवसायको प्रकृति अनुसार कुनै व्यवसायको ऋण असुली एक वर्ष भन्दा बढी बनाउन सिफारिस समिति र छनौट समितिलाई उचित लागेमा यो बुंदाले अवरोध ठानेको मानिने छैन ।

घ) एक पटक ऋण लिइ सकेका व्यक्ती तथा समुहले सो ऋणको पूर्ण असुली नहुंदा सम्म अर्को प्रस्ताव पेश गर्न पाउने छैनन् ।

ङ) स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमको भन्दा भिन्न प्रकृतिको उद्यममा ऋण लगानी गर्न पाइने छैन ।

च) वित्तिय संस्था मार्फत संचालन हूने उद्यमीको हकमा लगानी ऋणको ब्याज दर, ऋण लगानीका क्षेत्रहरु, ब्याज फिर्ता, ब्याज मिन्हा, जमानी वा धितो र वीमा लगायतका विषयको प्रष्टताको लागि नगरपालिका र वित्तिय संस्था बिच कार्यक्रम संचालन पूर्व नै सम्झौता हुनु पर्नेछ ।

## परिच्छेद ५

## कर्जाका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था

**७. योग्यता तथा शर्त :**(१) यस कार्यबिधि बमोजिम ऋण प्राप्त गर्न स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको, पाखीवास नगर कार्यपालिकाको कार्यालयबाट व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको, पाखीवास नगरपालिका क्षेत्र भित्रका बैंकहरुको कालोसूचीमा नपरेको स्व:घोषणा, पा.न.पा. भित्र स्थायी बसोबास गरिरहेका देहाय बमोजिमको न्यूनतम योग्यता एवं शर्त पूरा गरेको हुनु पर्नेछ ।

**(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा**

(१) व्यक्तीको हकमा १८ वर्ष उमेर पुरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको हुनु पर्ने,

(३) अनुसुची ३ बमाजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

**(ख) घरेलु तथा साना कुटिर उद्योग कर्जा**

(१) व्यक्तीको हकमा १८ वर्ष उमेर पुरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको हुनु पर्ने,

(३) अनुसुची ३ बमाजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

(४) मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र

**(ग) महिला उद्यमशीलता कर्जा**

(१) व्यक्तीको हकमा १८ वर्ष उमेर पुरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको हुनु पर्ने,

(३) अनुसुची ३ बमाजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

(४) मान्यता प्राप्त संस्थाबाट प्राप्त घरेलु तथा साना कुटिर उद्योग संचालन सम्बन्धी प्रमाणपत्र

**(घ) दलित तथा अल्पसंख्यक समुदाय व्यवसाय विकास कर्जा**

(१) व्यक्तीको हकमा १८ वर्ष उमेर पुरा भएको,

(२) अनुसुची २ बमोजिम जमानी सम्बन्धी कागजात अनिवार्य रुपमा पेश गरेको हुनु पर्ने,

(३) अनुसुची ३ बमाजिम उद्यम संचालन तथा ऋण उपयोग सम्बन्धी प्रस्ताव

(४) दलित तथा अल्पसंख्यक समुदाय भित्र परेको सिफारिस

(५) दलित तथा अल्पसंख्यक समुदायले संचालन गर्दै आएको परम्परागत पेशामा आधारित हुनु पर्ने

(२) यस कार्यबिधि बमोजिम प्रदान हुने ऋण सम्बन्धित उद्यमीले कुनै एक प्रकारको उद्यम संचालनका लागि मात्र उपलब्ध हुनेछ ।

(३) यस कार्यबिधि बमोजिम ऋण लिने निवेदकले नेपाल सरकार वा प्रदेश सरकारको सहुलियत ऋण अनुदान प्रदान गर्ने प्रकृतिका अन्य कुनै पनि ऋण लिएको हुनु हुदैन ।

## परिच्छेद ६

## सिफारिस समिति र छनौट समितिको गठन तथा काम कर्तव्य अधिकार

**८.** परिच्छेद १ को दफा २ (च) अनुसारको सिफारिस समितिमा देहाय अनुसारको प्रतिनिधित्व रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख. कृषि/पशु शाखा प्रमुख | सदस्य |
| ग. सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

प्रस्तावनाको समितिले आवश्यकता अनुसार अन्य शाखा प्रमुख वा सम्बन्धित वडा सचिवलाई पनि आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ ।

८.१ यस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क. सामाजिक शाखाले तयार गरेको रितपूर्वक पेश भएका प्रस्तावहरु उपर दफा ५ ग बमोजिम मूल्यांकन गर्ने र उपयुक्त ठहरिएका प्रस्तावहरुको सूचि तयार गर्ने ।

ख. उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न छनौट समितिमा सिफारिस गर्ने निर्णय गर्ने ।

ग. लगानी भएका उद्यमहरुको नियमित अनुगमन गर्ने ।

घ. ऋण असुली हुन नसकेका उद्यमीहरुको लागि असुल उपर सम्बन्धी कार्वाहीको लागि छनौट समितिलाई प्रतिबेदन गर्ने ।

ङ स्वरोजगार कार्यक्रम संचालन प्रभावकारी बनाउन छनौट समितिलाई नितिगत पृष्ठपोषण गर्ने ।

च. छनौट समिति र नगर कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

छ. अन्य तोकिएको कामहरु गर्ने ।

बैठकका उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

**९.** परिच्छेद १ को दफा २ (छ) अनुसारको छनौट समितिमा देहाय अनुसारको प्रतिनिधित्व रहनेछ ।

| | |
|---|---|
| क. नगर प्रमुख | अध्यक्ष |
| ख. उप प्रमुख | सदस्य |
| ग. नगरप्रमुखले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना | सदस्य |
| घ. नगरप्रमुखले तोकेको कार्यपालिकाको दलित सदस्य एक जना | सदस्य |
| ङ. परिच्छेद १ को बुंदा नं. २ ख बमोजिमको वित्तिय संस्थाको प्रमुख एक जना | सदस्य |
| च. न.पा भित्र बचत तथा ऋण वा सामाजिक परिचालनमा क्रियाशिल गैर सरकारी संस्था वा सहकारीहरु मध्ये नगरप्रमुखले तोकेको संस्थाको प्रमुख एकजना | सदस्य |
| छ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

**९.१ यस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ**

क. सिफारिस समितिले पेश गरेको प्रस्तावहरु दफा ५ ग बमोजिम मूल्यांकन भए नभएको यकिन गर्ने र उपयुक्त लागेका प्रस्तावहरुको सूचि तयार गर्ने ।

ख.सूची बमोजिम उपयुक्त प्रस्तावहरुलाई ऋण लगानी गर्न कोषमा पर्याप्त रकम भए नभएको सुनिश्चित गर्ने ।

ग. ऋण लगानी गर्न योग्य प्रस्तावको सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन गर्ने ।

घ. लगानी भएका उद्यमहरुको नियमित सुपरिवेक्षण गर्ने ।

ङ . ऋण असुली हुन नसकेका उद्यमीहरुको लागि असुल उपर सम्बन्धी कार्वाहीको लागि सचिवालयलाई निर्देशन दिने ।

च. स्वरोजगार कार्यक्रमको लागि आवश्यक कोष बढाउन बाह्य निकायहरु बिच समन्वय र सहकार्यका निम्ति नगर कार्यपालिकालाई नितिगत सुझाव दिने तथा पृष्ठपोषण गर्ने ।

छ. नगर कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउने ।

ज. कोषबाट सम्पादन हुने वार्षिक प्रतिबेदन नगर कार्यपालिका समक्ष पेश गर्ने ।

झ अन्य तोकिएको काम गर्ने ।

बैठकका उपस्थित हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ७

## कोषको लेखा परिक्षण

१० . यस कोषको लेखा परिक्षण नगर कार्यपालिका अन्य कोष वा कार्यक्रम सरह हुनेछ । कोषमा दातृ निकायबाट प्राप्त रकमको सम्बन्धमा लेखा परिक्षणको प्रतिबेदन सम्बन्धित दातृ निकायमा  र समग्र प्रतिबेदन नगर सभामा पेश गर्नु पर्नेछ । प्रतिबेदन उपर औल्याइएका विषयहरुको परिपालना गर्ने जिम्मेवारी नगर कार्यपालिका, छनौट समिति, सिफारिस समिति र सचिवालयको हुनेछ ।

## परिच्छेद ८

## असुली प्रकृया

११. ऋण असुलीका लागि देहायका बिधिहरु अवलम्बन गरिनेछ ।

क) छनौट भएका उद्यमीलाई १ वर्षको ऋण दिइने छ । ऋण असुलीको लागि उद्यमको प्रकृति हेरेर ऋण असुली तालिका बनाइनेछ ।

ख.) वित्तिय संस्थाबाट लिएको ऋणको हकमा तोकिएको समय भित्र किस्ता नबुझाउने ऋणीबाट ऋण असुली बैंकसंग गरिएको सम्झौता बमोजिम हुनेछ ।

ग) नगरपालिकाबाट लिएको ऋणको हकमा तोकिएको समय भित्र किस्ता नबुझाउने ऋणीबाट ऋण असुली नगरपालिकाको कानून बमोजिम हुनेछ ।

घ) विशेष परिस्थितीका ऋणीहरुको ब्याज, हर्जाना र अन्य शुल्कको मिन्हाका सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ङ) वित्तिय संस्थाको तर्फबाट नियमित रुपमा गरिने कार्यका अतिरिक्त सो ऋण असुलीमा आवश्यक मौखिक स्मरण गराउने, पत्राचार गर्ने, तोकेता गर्ने लगायतका कार्यमा सम्बन्धित टोल विकास संस्था, सचिवालय, सम्बन्धित वडा कार्यालय, सेवा प्रदायक संस्था र पाखीवास नगर कार्यपालिकाको पनि जिम्मेवारी हुनेछ ।

च) वित्तिय संस्था मार्फत ऋण लिएको उद्यमीले ऋण असुली तालिका बमोजिम सांवा तथा व्याज भुक्तान गर्दै गएमा ऋणीले तिरेको ब्याज बराबरको रकम मात्र ऋणीको तर्फबाट नगरपालिकाले ब्यहोरी ऋणीलाई सहुलियत दिनेछ ।

## परिच्छेद ९

## विविध

**१२. सहयोग गर्नुपर्ने :** यस कार्यबिधि बमोजिम संचालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१३. कार्यबिधिको पालना :**

यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा नगरपालिका र नगरपालिकाको निर्देशन सम्बद्ध सबैले पालना गर्नु पर्नेछ ।

**१४. कार्यविधिको संसोधन गर्न सकिने :**

नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यबिधि संशोधन गर्न सक्नेछ ।

**१५. बाधा अड्काउ फुकाउने :**

यो कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

## (परिच्छेद ३ को दफा ५ ख संग सम्बन्धित)

## प्रस्ताव पेशको लागि दिइने निवेदनको ढांचा

श्री संयोजकज्यू,
सिफारिस समिति,
स्वरोजगार कार्यक्रम
पाखीवास नगर कार्यपालिकाको कार्यालय, पाखीवास धनकुटा ।

**विषय :स्वरोजगारीका लागि उद्यम संचालन गर्न प्रस्ताव पेश गरेको बारे**

प्रस्तुत विषयमा म/हामी तपसिलका व्यक्तिले................................ को................................ पालिका वडा नं.................... स्थित टोल.................................(उद्यम/व्यवसायको नामको) संचालन गरी स्वरोजगारी बन्नका निम्ति पाखीवास नगरपालिकाको स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७६ का शर्तहरु पालना गर्न तयार भई तपशिलको विवरण सहितको कागजात संलग्न गरी यो निवेदन पेश गरको छु/छौं ।

| निवेदकको | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| नाम थर | | | | | |
| स्थायी ठेगाना | | | | | |
| दस्तखत | | | | | |

संलग्न कागजात :

क. नेपाली नागरिकताको प्रतिलिपि

ख. पा.न.पा.को स्थायी बासिन्दा खुल्ने प्रमाण(नागरिकमा अन्यत्र स्थान उल्लेख भएकाका लागि मात्र)

ग. सम्बन्धित वडा कार्यालयबाट बेराजगारी हो भनी ऋण लगानीको लागि गरिएको सिफारिस

घ. जमानी बस्नेको कागज (अनुसुची २ बमोजिम)

ङ संचालन गरिने उद्यमको प्रस्ताव(अनुसुची ३ बमोजिम)

च) टोल विकास संस्थाको सिफारिस

अनुसुची २

**(परिच्छेद ३ को दफा ५ ग संग सम्बन्धित)**

**जमानी बस्नेको कागजको ढांचा**

लिखितम् हामी/म तपसिलका मानिसहरु आगे ............................................................ को नाती/नातिनी..............................................को छोरा/छोरी .................................... को पत्नी/बुहारी ..............................जिल्ला.........................................गा.पा./न.पा. वडा नं..............टोल...............................घर भै हाल................................... जिल्ला.................. गा.पा./न.पा. वडा नं..............बस्ने वर्ष.............को श्री...............................................ले

पाखीवास नगरपालिकाद्धारा संचालित स्वरोजगार कार्यक्रमबाट ऋण लिनका लागि हामी/म तपसिलका मानिसहरुलाई जमानी बसी दिन अनुरोध गर्नु भएकोमा निजको कुरा हामीलाई चित्त बुझ्यो । निजलाई हामी/म राम्रो संग चिन्छु/चिन्दछौं । साथै हामी/म निजले यस नगरपालिकासंग स्वरोजगार कार्यक्रम अन्तरगत लिएको ऋण रकमको लागि निजको जमानी हुन तयार छु/छौं । निज ऋणीले यस नगरपालिकासंग लिएको ऋण रकम निजले नतिरे नबुझाएमा सो को दायित्व बहन गर्न मन्जुर छु/छौं । नतिरे नबुझाएमा मेरो/हाम्रो खाताबाट वा घर घरानाबाट असुल उपर गरी लिएमा समेत मन्जुर छ भनी बांया किनाराका साक्षीहरुको रोहबरमा यस पाखीवास नगरपालिका वडा नं. .................. को वडा समितिको कार्यालय........................................... बसी यो जमानी भएको कागज लेखी सही छाप गरी पाखीवास नगरपालिका स्वरोजगार कार्यक्रमलाई दियौं ।

साक्षी

२ १

तपसिल

दा. ....................................................... को
नाती/नातिनी.............................................को छोरा/छोरी ............................ को
पत्नी/बुहारी जिल्ला.........................................गा.पा./न.पा. वडा
नं..............टोल...............................घर भै हाल...................................
जिल्ला.................. गा.पा./न.पा. वडा नं..............टोल...................................बस्ने
बा. वर्ष.............को
श्री........................................................................................................१

दा. ...................................................... को नाती/नातिनी..............................................को
छोरा/छोरी ............................. को पत्नी/बुहारी
.....................जिल्ला.........................................गा.पा./न.पा. वडा
नं..............टोल...............................घर भै हाल...................................
जिल्ला.................. गा.पा./न.पा. वडा नं..............टोल...................................बस्ने
बा.

१ १

वर्ष...........को
श्री.....................................................................................................१

इति सम्बत्.......................साल................महिना........................गते...........रोज शुभम्

अनुसुची ३

**(परिच्छेद ३ को दफा ५ ख संग सम्बन्धित)**

**उद्यमको प्रस्ताव**

१. उद्यमको नाम :...............................................

उद्यम संचालन गरिने ठेगाना :.............................न.पा. /गाउंपालिका वडा

उद्यम सम्बन्धी पूर्व अनुभव भएको

तालिम प्राप्त/अप्राप्त .............................................

२. उद्यम :

नया :
चालु (थप लगानी वा परिस्कृत) :
उद्यमको प्रकृति :
उत्पादनमुलक :
प्रसोधन(Valu Added)
सेवामुलक :
व्यापारजन्य :
अन्य
उत्पादित बस्तु वा सेवाको बजार :
कच्चापदार्थ : स्थानीय वा बाह्य
श्रम : स्थानीय वा बाह्य

३. लागत

क. स्थीार पूजी

i) मेशिन रु .................................
ii) घर रु .................................
iii) जग्गा रु .....................................
iv) अन्य रु ................................

ख. चालु पूजी

i) कच्चा पदार्थ रु ................................

ii) ज्याला रु ................................

iii) बिजुली पानी रु ....................................

iv) मर्मत संभार रु ................................

v) तलब रु ................................

ग. कुल पूजीः

कुल चालु पूजी + कुल स्थीर पूजी : रु
......................................

४. पूजीको श्रोतः

क. स्वलगानी : रु .....................................

ख. ऋण सुबिधा : रु .....................................

५ उत्पादन (वार्षिक)

| क.सं. | उत्पादित बस्तु/सेवाको विवरण | इकाइ | जम्मा मुल्य |
|---|---|---|---|
| | | | |
| | | | |
| | जम्मा उत्पादन लागत | | |

६. वार्षिक विकी

| क.सं. | बिकी हुने बस्तु/सेवाको विवरण | इकाइ | दर | जम्मा मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा बिकी मुल्य | | | |

७. चल खर्च :

(क) कच्चा पदार्थ :

| क.सं. | कच्चा पदार्थको विवरण | इकाइ | दर | जम्मा मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा कच्चापदार्थ | | | |

(ख) ज्याला :

| क.सं. | ज्यालाको विवरण | इकाइ | दर | जम्मा मुल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा ज्याला | | | |

(ग) बिद्युत, पानी तथा इन्धन रु ....................................

(घ) मर्मत सम्भार रु .....................................

(ङ) अन्य रु ................................

कुल वार्षिक चालु खर्च रु ................................

ग. कुल मुनाफा :

वार्षिक विक्री - वार्षिक चालु खर्च

घ. स्थीर खर्च :

i) तलब रु .................................

ii) घर भाडा रु .................................

iii) बिबिध ह्रासकट्टी रु .....................................

iv) ब्याज रु .................................

जम्मा स्थीर खर्च रु

(ङ) खुद मुनाफा :

कुल मुनाफा - जम्मा स्थीर खर्च

(च) जम्मा वार्षिक उत्पादन खर्च : कुल चालु खर्च + कुल स्थीर खर्च

कार्यालय प्रयोजनको लागि मात्र :

---

| | |
|---|---|
| क. जम्मा वार्षिक उत्पादन खर्च/विकी : | ..................% |
| ख. मुनाफा/बिकी | ..................% |
| ग. पी.भी अनुपात(कुल मुनाफा/बिकी) | ...................% |
| घ. ब्रेक इभन बिन्दु मुल्यमा | रु.................. |
| ङ ब्रेक इभन बिन्दु प्रतिशतमा | ......................% |
| च. मूल्य अभिबृद्धि : जम्मा बिकी — जम्मा चालु खर्च / जम्मा बिकी | रु |

**अनुसूची ४**

**(परिच्छेद ३ र परिच्छेद ५ को ७(१) संग सम्बन्धित)**

**ऋण लगानीका क्षेत्रहरु**

**(क) व्यवसायिक कृषि तथा पशुपन्छी ऋण लगानीका क्षेत्रहरु :**

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विकी वितरण,
२. विउ विजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिकी वितरण,
३. बनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
४. पशुपन्छीपालन,
५. अष्ट्रि  च, टर्की, हांस पालन र सोको मासु एवं भण्डारण, प्रसोधन तथा बिकी विवरण,
६. फलफुल उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
७. मत्स्यपालन, भण्डारण तथा विकी वितरण,
८. च्याउ उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
९. पशुबधशाला, मासुजन्य उत्पादन, सो को प्रसोधन, भण्डारण तथा बिकी वितरण,
१०. दुग्ध उत्पादन, प्रसोधन तथा बिकी वितरण,
११. जडिबुटी तथा गैरकाष्ठ बनपैदावर उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
१२. उखु, कफी, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो, खेती तथा यिनीहरुको उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
१३. पुष्प व्यवसाय,
१४. मौरी पालन व्यवसाय
१५. जौ, फापर, सिलाम उत्पादन, प्रसोधन, भण्डारण तथा बिकी वितरण,
१६. प्राङगारीक तथा जैविक मल उत्पादन तथा बिकी वितरण,
१७. कपास, उन, रेसम खेती/उत्पादन, प्रसोधन तथा बिकी वितरण,
१८. भेडा, च्याङग्रा र चौरी लगायतको ऊनको उत्पादन, प्रसोधन तथा बिकी वितरण,

१९, नेपाल सरकार, प्रदेश सरकार र पाखीवास नगरपालिकाले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु

**(ख) घरेलु तथा साना कुटिर उद्योगको लागि ऋण लगानीका क्षेत्रहरु**

१. हाते तथा खुट्टे तान,
२. अर्धस्वचालित तान,
३. सिलाई, बुनाइ, उनी पोशाक सम्बन्धी कार्य,
४. सिकर्मी कार्य,
५. काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
६. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
७. हाते कागज उत्पादन,
८. सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य,
९. गहना तथा मुर्ति बनाउने कार्य,
१०. सेरामिक्स वा कुमालेको पेशागत कार्य,
११. छाला सम्बन्धी पेशागत कार्य,
११. चित्रकला, कागज तथा स्थानीय स्रोत साधनमा आधारित कार्य, र
१२. प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाष गरेका सम्पूर्ण उद्योगहरु ।

**(ग) दलित तथा अल्पसंख्यक समुदायबाट संचालन हुने व्यवसायको ऋण लगानीका क्षेत्रहरु**

१. परम्परागत बजाउने बाजा निर्माण, खरीद तथा बिक्री गर्न,
२. सिलाइ कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई कटाई मेसिन खरिद गर्न,
३. परम्परागत आय आर्जनका पेशाहरु,
४. फलाम, कोइला आदि वस्तु खरीद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,
५. जुत्ता बनाउन चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु बिक्री बिवरण गर्न
६. परम्पारगत रुपमा संचालन गरिदै आएको काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
७. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
८. परम्पागत सुन, चाँदी, तामा पित्तलका गहना एवं भांडाकुडा बनाउने पशल तथा सोसंग सम्बन्धित कलिगढ सेवा,
९. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरीद गर्न,
१०.आफ्नो पुर्ख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरीद गर्न, बस्तु तथा सेवा बिक्री गर्न, व्यवसायको लागि सामुहिक यन्त्रशाला निर्माण गर्न, र
११. नेपाल सरकार, प्रदेश सरकार तथा पाखीवास  नगरपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु

**(घ) महिला उद्यमशीलताका लगानीका क्षेत्रहरु :**

१ं यसै अनुसूची अन्तरगत क, ख र ग मा उल्लेख भई महिला उद्यमीबाट संचालन भएका सबै व्यवसाय वा पेशाहरु

२. नेपाल सरकार, प्रदेश सरकार तथा पाखीवास नगरपालिकाले समय समयमा तोकेका अन्य पेशाहरु